का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९६

❒ १३ जेठ २०७७, मंगलबार

❒ 26 May 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ६८२ जना | ११२ जना | ५१६४२ | ५६७ | ४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५५ लाख ३० हजार | २३ लाख १९ हजार | ३ लाख ४७ हजार | २८ लाख ६४ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# ६ लाखको परीक्षण गरिने

**प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रका नाममा सम्बोधन गर्दै जनसंख्याको दुई प्रतिशत अर्थात् ६ लाख नेपालीमा पीसीआर परीक्षण गरिने बताएका छन् । सँगै प्रधानमन्त्री ओलीले पाँच आग्रह गरेका छन् ।**



**प्रधानमन्त्रीका पाँच आग्रह**

- आहारलाई स्वच्छ र सन्तुलित बनाऔं
- घरभित्रै व्यायाम गरौं
- सरसफाईमा ध्यान दिऔं
- पर्याप्त आराम गर्नुहोस्
- मनोबल उच्च बनाऔं



सेनाले कोभिड–१९ का संक्रमितलाई व्यवस्थित तरिकाले राख्न आर्मी अफिसर क्लव परिसरमा निर्माण गरेको क्वारेन्टिन । तस्वीर : चन्द्रकला क्षेत्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रको नाममा सम्बोधन गर्दै ६ लाख नेपालीमा परीक्षण गरिने बताएका छन् । लकडाउनको दुई महिना बढी भइसक्दा ५० हजार हाराहारीमा परीक्षण गरिएको छ । यसलाई बिस्तार गरी ६ लाख पुऱ्याउने प्रधानमन्त्री ओलीले बताएका छन् ।

"विज्ञहरुले दिएको सल्लाहबमोजिम कम्तिमा जनसंख्याको २ प्रतिशतसम्म परीक्षण विस्तार गर्ने योजनामा सरकार छ", प्रधानमन्त्री ओलीले भने। प्रधानमन्त्री ओलीले महामारी विस्तार भएको ठाउँलाई सील गरी त्यहाँ 'युद्धस्तर'मा परीक्षण तथा नियन्त्रणको कार्यलाई अघि बढाइने बताए । "महामारी अहिले फैलिँदो अवस्थामा छ । यस महामारीसँग जुध्न सबै सरकारी निकायहरु चुस्त र प्रभावकारी हुनै पर्दछ । समयको चुनौती सामना गर्न नसक्ने कुनैपनि संरचनाको नेतृत्वको तत्काल पुनर्व्यवस्था गरिने छ", प्रधानमन्त्री ओलीले भने, "राष्ट्रिय सङ्कटको यस घडीमा खेलेको भूमिकालाई नै सम्बन्धित व्यक्तिको मूल्याङ्कनको मुख्य आधार बनाउँदै दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।"

प्रधानमन्त्री ओलीले कोरोना महामारीका लागि पाँच आग्रह गरेका छन् । प्रधानमन्त्री ओलीले महामारीसँग लड्दै निरोगी नेपाल निर्माणमा आफूलाई तयार राख्न उपलब्ध आहारलाई स्वच्छ र सन्तुलित बनाउनुपर्ने पहिलो आग्रह गरेका छन् । यस्तै, लकडाउनको समयमा उपलब्ध फुर्सदलाई स्वस्थ रहन उपयोग गर्नुपर्ने तथा शारिरीक र स्वास प्रस्वासको चुस्तताको लागि घरैभित्र व्यायाम गर्न आग्रह गरेका छन् ।

भाइरस फोहोरमा रमाउने भएकाले सरसफाईमा जोड दिनुपर्ने, चौथों स्वस्थ रहन पर्याप्त आराम आवश्यक गर्नुपर्ने र पाँचौं मनोबल उच्च राख्न आग्रह गरे ।

"६३ दिनदेखि लकडाउनमा छ । कुनै मानवीय क्षति नहोस् भन्ने हाम्रो अथक प्रयासका बाबजुद यस बीचमा नेपालभित्र हाम्रा तीन जना नागरिकको दुःखद् निधन भएको छ", प्रधानमन्त्री ओलीले भने। कोरोना महामारीबाट जनतालाई मुक्त गर्ने, यसबाट सिर्जित संकटबाट मुलुकको अर्थतन्त्रलाई रक्षा गर्ने र रोग तथा भोकबाट आफ्ना जनतालाई जोगाउने कामलाई सरकारले आफ्नो प्रमुख दायित्व दिएको प्रधानमन्त्री ओलीले बताए ।

प्रत्येक स्थानीय तहलाई कोभिड-१९ सँग जुध्न सक्नेगरी स्वास्थ्य सुरक्षा, स्वास्थ्य सेवा, आधारभूत वस्तुहरुको आपूर्ति र शान्ति सुव्यवस्था कायम गर्नसक्ने तुल्याउन संघ र प्रदेशबीचको सहकार्यलाई थप प्रभावकारी बनाइने उनले बताए । खासगरी क्वारेण्टिनको प्रबन्ध, राहत वितरण, आपूर्ति प्रणालीको व्यवस्थापन र अनुगमनमा स्थानीय तहलाई सक्षम पार्नेगरी साझेदारी अघि बढाइने प्रधानमन्त्रीको भनाइ छ ।

क्वारेण्टिनको संख्या बढाउने र त्यसको स्तरमा पुनरावलोकन गरी व्यापक सुधार गरिने भएको छ । "आवश्यकताअनुसार बन्द अवस्थामा रहेका होटल तथा उपयुक्त सार्वजनिक संरचनाहरुलाई समेत क्वारेन्टिनको रुपमा प्रयोग गर्ने बारेमा समेत योजना बनाइएको छ । केन्द्रीय योजना र स्थानीय तहको व्यवस्थापनमा संक्रमित नागरिकको स्वास्थ्योपचार र क्वारेन्टिनमा राखिएका व्यक्तिहरुको खानपान तथा हेरचाह व्यवस्थित गरिनेछ", प्रधानमन्त्री ओलीले भने ।

संघ, प्रदेश र स्थानीय तह बीच कोरोना संक्रमण, रोकथाम र नियन्त्रणका क्षेत्रमा जिवन्त सूचना संवाद तथा प्रभावकारी समन्वय गर्न सम्पर्क व्यक्ति वा निकाय तोकिने भएको छ । प्रधानमन्त्री ओलीले महामारीका कारण माध्यमिक शिक्षा परीक्षा (एसइइ) सञ्चालन हुन नसकेकाले सिङ्गो शैक्षिक बर्ष खेर जान नदिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छिट्टै आवश्यक प्रबन्ध मिलाउने बताए ।

प्रधानमन्त्री ओलीले आवश्यक 'खाद्य वस्तुहरुको आयातलाई घटाउने, कृषिमा आत्मनिर्भर हुने, क्रमशः कृषि उत्पादनको निर्यात तीव्र पार्ने र कृषि क्षेत्रमा ठूलो मात्रामा रोजगारी र स्वरोजगारी सिर्जना गर्ने' कार्यक्रम ल्याइने बताए ।

# चौथो संक्रमितको मृत्यु

**कोभिड महामारीबाट नेपालमा चौथो व्यक्तिको मृत्यु भएको छ । गएको जेठ ४ गते मृत्यु भएका बाराका ७० वर्षीय बृद्धमा कोभिड १९ भएको पुष्टि भएको हो ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट थप एक जनाको मृत्यु भएको पुष्टि भएको छ । बारा जिल्ला कलैया नगरपालिका-७ का ती व्यक्तिको कोभिड-१९ को संक्रमणबाट नेशनल मेडिकल कलेज वीरगञ्जमा गत जेठ ४ गते नै निधन भएको हो ।

योसँगै कोभिड-१९ बाट मृत्यु हुनको सङ्ख्या नेपालमा चार पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले बताए । यसअघि सिन्धुपाञ्चोक, बाँके र गुल्मीका एक/एक जनाको निधन भएको थियो ।

मृतकको कोभिड-१९ परीक्षणका क्रममा सङ्क्रमण भएको पुष्टि भएको हो । सत्तरी वर्षीय उनी क्षयरोगीसँगै श्वासप्रश्वाससम्बन्धी दीर्घरोगी रहेका थिए । श्वासप्रश्वाससम्बन्धी समस्या आएपछि उनलाई नेशनल मेडिकल कलेज वीरगञ्जमा जेठ २ गते भर्ना गरिएको थियो ।

उनको जेठ ३ गते स्वाब संकलन गरी नारायणी अस्पतालमा लगिएको थियो । त्यहाँको रिपोर्टमा शंकास्पद आएपछि उनको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पुनः परीक्षण गरिएको थियो । त्यहाँ परीक्षण गर्दा पोजेटिभ आएको प्रवक्ता देवकोटाले बताए । जेठ ५ गते नै उनको सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाब सङ्कलन गरी परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको उनले जानकारी दिए । यसअघि बाँके, गुल्मी र सिन्धुपाल्चोकमा एक-एक जनाको मृत्यु भएको थियो ।

> बाराको कलैया नगरपालिका–७ का ती व्यक्तिको कोभिड–१९ को संक्रमणबाट नेशनल मेडिकल कलेज वीरगञ्जमा गत जेठ ४ गते नै निधन भयो ।

**जोखिममा प्रदेश**

प्रदेश नं २ मा कोरोना संक्रमितको संख्या २३२ पुगेको छ । यस प्रदेशमा आइतबारसम्ममा १७८ जना संक्रमित रहेकामा आज बिहान ५४ जना नयाँ संकमित थपिएपछि सो संख्या पुगेको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सोमबार बिहान मात्रै समयमा जारी प्रेस विज्ञप्तिमा थप ७२ जनामा कोरोना सङ्क्रमित पुष्टि भएको उल्लेख छ । यस प्रदेशका चार जिल्ला रौतहट, बारा, सप्तरी र धनुषामा गरी ५४ जना नयाँ संक्रममित समावेश छ ।

मध्ये रौतहटको राजपुर फरहदवाको २, ६, ८ र ९ वडाका साथै इशनाथपुर-२का गरी १८ देखि ५३ वर्ष उमेरका २६ जना नयाँ संक्रमित छन् । ती संक्रमितहरुको स्वाबको नमूनाको परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको थियो। रौतहटमा कोरोना संक्रमितको संख्या ४९ पुगेको छ ।

बाराको कलैया नगरपालिका-१को कोटवासीका २५ र ३२ वर्षका दुईजना थपिएका छन् । उहाँहरुको पनि टेकुस्थित प्रयोगशालामा स्वाब परीक्षण भएको थियो । यसका साथै किटजन्य रोग अनुसन्धान तथा तालिमकेन्द्र, हेटौँडामा गरिएको परीक्षणमा बाराका गढीमाई नगरपालिकाका १८ वर्षदेखि ५० वर्ष उमेरका २१ जनामा संक्रमण पुष्टि भएको छ । यी दुवै नगरपालिकाका २३ जनासमेत गरी यस जिल्लामा संक्रमित संख्या ३६ पुगेको छ ।

धनुषाको नगराइन नगरपालिकाका ३०, ३१ र ४५ वर्षका तीनजना गरी अब धनुषामा कोरोना संक्रमितको संख्या ११ पुगेको छ । ती संक्रमितहरुको स्वाबको परीक्षण टेकुस्थित प्रयोगशालामा भएको थियो । बाँकी पृष्ठ २ मा

# संसद्को कार्यसूचीमा विवादित एमसीसी !

**काठमाडौं/मस-** संघीय संसदमा दर्ता भएको एक वर्षपछि अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौता संसदको कार्यसूचीमा राखिने भएको छ । सम्झौताबारे राजनीतिक विवाद भइरहँदा नै एमसीसी कार्यसूचीमा पारिएको छ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रै विवाद हुँदा अघिल्लो बजेट अधिवेशनमा एमसीसी कार्यसूचीमा राखिएको थिएन। फेरि हिउँदे अधिवेशनमा पनि संसदको कार्यसूचीमा पारिएन । तर, चालू छैटौं अधिवेशनमा कार्यसूचीका रुपमा प्रवेश गराउने सरकारले तयारी गरेको छ ।

नेकपाको गत माघ १५ देखि १९ गतेसम्म भएको केन्द्रीय कमिटी बैठकले यसबारे अध्ययन गर्न वरिष्ठ नेता झलनाथ खनाल, स्थायी कमिटी सदस्य भीमबहादुर रावल र परराष्ट्रन्त्री प्रदीपकुमार ज्ञवाली रहेको अध्ययन कार्यदल गठन गरेकामा त्यसले गत फागुन ९ गते नेकपा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रतिवेदन दिइसकेको छ । कार्यदलले संशोधनसहित सम्झौता पारित गर्न सुझाव दिएको थियो ।

यो विषयमा नेकपाका सचिवालयको गत शनिबारको अनौपचारिक बैठकमा केही स्थायी कमिटीका सदस्यसहितलाई आमन्त्रण गरिएको र एमसिसी सचिवालयका कर्मचारीले ब्रिफिङ गरेका थिए। उक्त सम्झौता एशिया प्रशान्त रणनीतिको अङ्ग हो भने नेपालले पारित गर्न नहुने तर्क नेकपाको गत मङ्सिर २९ देखि पुस ६ गतेसम्मको स्थायी कमिटीमा उठाइएको थियो ।

कूल करीब रु ६४ अर्बको सो परियोजनामा करीब ५१ अर्ब अमेरिकी र रु १३ अर्ब (१३० मिलियन अमेरिकी डलर) नेपाल सरकारको लगानी हुनेछ । दुई पक्षबीच सन् २०१७ सेप्टेम्बर १४ मा नेपालका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमसिसीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत जोनाथन नासबीच 'कम्प्याक्ट सम्झौता' भएको थियो ।

नेपालको ऊर्जा र यातायात क्षेत्रको विकासका लागि सञ्चालित उक्त सम्झौतामा सङ्घीय संसद्को दुवै सदनबाट अलगअलग रुपमा पारित हुनुपर्ने भएकाले सरकारले संसद् सचिवालयमा गत वर्ष असार ३१ गते दर्ता गरेको थियो। सभामुख अग्निप्रसाद सापकोटाले यसबारे हालसम्म सार्वजनिक प्रतिक्रिया दिएका छन् । सरकारले सदनमा सो प्रस्ताव छलफलमा ढिलाइ गर्न नहुने जनाउँदै आएको छ । प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले पनि सम्झौता चाँडो पारित गर्न आग्रह गर्दै आएको छ। कुनै पनि मुलुकसँग भएको सन्धिसम्झौता संसद्ले पारित गर्नुपर्ने हुन्छ ।

हाल प्रतिनिधिसभामा दर्ता भएको यो सम्झौता प्रस्ताव प्रतिनिधिसभाबाट पारित भएपछि सन्देश सहित राष्ट्रियसभामा पठाइनेछ । यो सम्झौता लागू भएको मितिले पाँच वर्षभित्र सम्पन्न गर्नुपर्नेछ । संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले राजनीतिक सहमति प्राप्त भई सभामुखले कार्यसूचीका रुपमा अगाडि बढाउन कुनै बाधा नभएको रबताए ।

"प्रस्ताव हाल विचाराधीन छ । सभामुखको निर्देशनपछि कार्यसूचीका रुपमा प्रवेश पाउनेछ', डा पाण्डेले भने । संसद् सचिवालयमा दर्ता भएको कुनै पनि प्रस्ताव छलफलका लागि परिपक्व हुन कम्तीमा पाँच दिन समय लाग्छ । सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले संसद्को मूल बैठकमा सैद्धान्तिक छलफलपछि संशोधन आएमा सम्बन्धित समितिमा लगेर विधेयकसरह छलफल हुन सक्ने जनाए । बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीको घोषणा

# विदेशबाट नेपाली ल्याउने योजना तत्काल सार्वजनिक गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले वैदेशिक रोजगारी वा अन्य कामले विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने व्यवस्थासम्बन्धी विस्तृत योजनासहितको आदेश तत्काल जारी गरिने घोषणा गरेका छन् । सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विदेशमा रहेका नेपालीले भोग्नु परेको समस्याकाबारेमा सरकार जानकार रहेको भने स्पष्ट पारेका छन् ।

उनले भनेका छन्, 'स्वदेश फर्कनुपर्ने अवस्थामा रहेका नेपालीलाई फर्काउने गरी विस्तृत योजनासहितको आदेश तत्काल जारी गरिने छ । अहिले मुलुकबाहिर रहेका नेपालीहरूको घर फर्किने क्रम बढेको छ। मैले नेपालीहरू ठूलो संख्यामा कार्यरत रहेका मुलुकका सरकार तथा राष्ट्र प्रमुखसँग गम्भीर संवाद गरेको छु । नेपालीहरूको अप्ठ्यारोमा सहयोग गर्न मैले गरेको आग्रहमा उहाँहरूले निश्चिन्त रहन आश्वस्त पार्नुभएको छ । म उहाँहरू सबैलाई धन्यवाद भन्न चाहन्छु ।'

उनले अगाडि भने, 'नेपालीलाई स्वदेश फर्काउने व्यवस्थासम्बन्धी विस्तृत योजनासहितको आदेश तत्काल जारी गरेपछि विश्वका जुनसुकै कुनामा अप्ठ्यारोमा परेका आफ्ना देशवासीहरूलाई सरकारले समयमै उद्धार गरिने छ । समस्याको प्राथमिकता र देशभित्रको तयारीकाबीच सन्तुलन मिलाउँदै यो काम छिट्टै सुरु गरिनेछ । सरकार आफ्ना नागरिकप्रति संवेदनशील छ, यसमा निश्चिन्त रहन म सबैमा आग्रह गर्दछु ।'

गत हप्ता संसदमा नेपालमा जनशक्ति र क्वारेन्टाइनको पर्याप्त सुविधा नभएको भन्दै विदेशमा रहेका नेपालीहरूको तत्काल उद्धार गरी स्वदेश फर्काउन नसकिने बताएका प्रधानमन्त्रीले एक हप्ता नबित्दै विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने भनेर राष्ट्रका नाममा गरेको संवोधनलाई उद्धारको पर्खाईमा विदेशमा रहेका नेपालीहरुले विश्वास गरिहाल्ने अवस्था नरहेको विदेशमा अलपत्र परेका नेपालीहरु बताउँछन् ।

करिब एक महिनादेखि स्वदेश फर्किने दिन कुरेर कुवते सरकारले सञ्चालन गरेको सेल्टरमा बसेका म्याग्दीका टक गर्बुजाले भने, 'संवोधनमा नै हामीहरुलाई फर्काउने ठोस् योजना ल्याउनु पर्दथ्यो, त्यस्तो योजना नआउँदा विश्वस्त हुन सक्ने अवस्था छैन ।'

संसदमा प्रधानमन्त्रीले एक हप्ताअघि दिएको अभिव्यक्तिको प्रतिपक्षी दलका नेतालगायत विदेशमा रहेका नेपालीहरुबाट आलोचना भइहरको बेला सोमबार विदेशमा रहेका नेपालीलाई तत्काल फिर्ता ल्याउन आदेश जारी गर्ने भनाइले सरकार विदेशबाट नेपालीलाई फर्काउन तयार भएको जस्तो देखिएको छ । तर आगामी जेठ मसान्तसम्म अन्तर्राष्ट्रिय उडान बन्द रहेको अवस्थामा आएको प्रधानमन्त्री ओलीको संवोधनको कार्यान्वयनमा कतिपयले प्रश्न उठाएका छन् ।

किनकी विदेशमा रहेका नेपालीहरूलाई ल्याउनुपर्छ भन्न सजिलो छ तर उनीहरुलाई ल्याउने तयारी गर्न गाह्रो भएको छ, उनीहरुलाई व्यवस्थापन गर्ने जनशक्ति उतै छ, विदेशमा रहेका मानिसलाई यहाँ ल्याउने सेन्टिमेन्टमा क्वारेन्टाइनको व्यवस्था नगरी ह्वारह्वारी ल्याउने र कोरोना मात्र फैलाई देश नै सोत्तर बनाउन चाहदैनौं भनी प्रधानमन्त्री ओलीले संघीय संददको संयुक्त बैठकलाई जवाफ दिएको एक हप्ता पनि पूरा भएको छैन ।

नेपालमा पछिल्लो एक हप्ताकाबीचमा संक्रमितहरुको संख्या दोब्बर भएको बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### माल्दिभ्समा २२ नेपाली संक्रमित

काठमाडौं/मस- करिब पाँच हजार नेपाली रहको माल्दिभ्समा २२ नेपाली कामदारलाई कोरोना भाइरस (कोभिड-१९) संक्रमण देखिएको छ । माल्दिभ्समा १३ सय ७१ जनामा कोरोना संक्रमण देखिएको छ । जसमध्ये २२ जना नेपाली छन् ।

खाडी र मलेसियामामा जस्तै विदेशी कामदारलाई त्यहाँको सरकारले निःशुल्क उपचारको व्यवस्था मिलाएको भन्दै श्रीलंकास्थित नेपाली दूतावासले उनीहरू अप्ठेरोमा नपरेको जनाएको छ ।

कम्पनीले तलव नदिई निकालेपछि माल्दिभ्समा ७ जना नेपाली २ महिनादेखि समस्यामा रहेको दूतावासले जनाएको छ। उनीहरूलाई राहतका लागि दूतावासले करिब दुई साताअघि साढे ३ सय अमेरिकी डलर पठाइदिएको बताएको थियो। माल्दिभ्सको निर्माण क्षेत्रदेखि रिसोर्ट तथा होटलमा नेपालीहरुले काम गरिरहेका छन् ।

# घरमै नमाज पढेर मनाइयो ईद

इमरान खान/मध्यान्ह
कपिलवस्तु, १२ जेठ



रमदान (रमजान) महिना सकिएको खुसियालीमा मुस्लिम समुदायले एकअर्कामा शुभकामना साटासाट गरी इदुलफित्र (ईद) मनाएका छन् । हिजरी संवतको रमदान महिनाभर (व्रत) बसेका इस्लाम धर्मावलम्बी सौव्वाल महिनाको पहिलो तारिखमा इद मनाउँछन् । चन्द्रमाको गतिका आधारमा तय गरिने ईद पर्व रमदान सकिएपछि शुरु हुने शुक्लपक्षमा पहिलोपटक चन्द्रमा देखिएपछि त्यसको भोलिपल्ट मनाउने परम्परा छ ।

फरक-फरक भूगोल विशेषमा ईदको दिन विगतदेखि नै फरक पर्दै आएको छ । तोकिएका क्षेत्रका मुख्य मौलाना (धर्माधिकारी)ले चन्द्रमा देखिएको घोषणा गरेर भोलिपल्ट ईद मनाउन आह्वान गरेपछि पर्व मनाइने हुँदा कहिलेकहीँ फरक-फरक क्षेत्रमा दिन फरक पर्ने गरेको हो ।

ईद पर्वमा अल्लाह (भगवान) का नाममा विशेष नमाज (प्रार्थना) गर्ने इस्लाम परम्परा छ। ईदका दिन इस्लाम समुदायको मुख्य धार्मिक ग्रन्थ कुरान मोल्वी (धर्मगुरु)ले वाचन गरेर सद्विचार र सत्कर्ममा रहन प्रेरित गर्छन् । धार्मिक परम्परामा यो मुख्य पर्व भएको हुँदा नयाँ लुगा लगाउने, सेवइ (गहुँको पिठोबाट बनाइएको खाद्यवस्तु) को खिर र मिष्ठान्न परिकार खाने-खुवाउने चलन छ ।

पर्वमा बस्तीभित्रको मस्जिदमा सबै पुरुष भेला भएर सामूहिक नमाज पढ्ने परम्परा भए पनि यसपालि विश्वब्यापीरुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिमका कारण घरमै बसेर ईद मनाइएको छ । ईदमा इस्लाम धर्मावलम्बीले गरिब र असहायका लागि 'जकात' अर्थात् आफ्नो कमाइको २.५ प्रतिशत रकम कोषमा दिने प्रचलन छ । प्रत्येक बस्तीमा रहेको मस्जिद व्यवस्थापनले यो कोष सञ्चालन गर्ने गरेको इस्लाम धर्मावलम्बी बताउँछन् ।

सामुहिक रुपमा नमाज पढ्ने र ईदको शुभकामना आदान प्रदान गर्ने धार्मिक तथा सामाजिक परम्परा भएपनि यस वर्ष घरमै चाड मनाइएको मुस्लिम अगुवाहरुले बताएका छन्। कपिलवस्तुका मस्जिद तथा ईदगाहाहरुमा खासै चहल पहल देखिएन । ईस्लाम धर्मावलम्वीका साथ साथै अन्य धर्मावलम्वीहरुले पनि पर्वका अवसरमा मस्जिद तथा मदरसाहरुमा गई शुभकामना आदान प्रदान गर्थे तर कारोना संक्रमणको यो महामारीका कारण यस वर्ष भने त्यसो हुन सकेन ।

# प्यूठानमा फौजी किराको प्रकोप

रबिन विश्वर्मा/मध्यान्ह
प्यूठान, १२ जेठ

प्यूठानमा फौजी किराको प्रकोप बढ्दै गएपछि किसानहरु चिन्तित भएका छन् । जिल्लाको नौबहिनी,ऐरावती,माण्डवी गाउंपालिका र स्वर्गद्धारी तथा प्यूठान नगरपालिकालगायतका अन्य स्थानीय तहका बिभिन्न ठाउंमा फौजी किराको प्रकोप बढेको छ। सबैभन्दा बढी नौबहिनी र ऐरावती गाउँपालिकामा यसको प्रकोप बढेको पाइएको हो ।

प्यूठानको नौबहिनी गाउँपालिकास्थित फोप्ली, लिघा, डाम्री, खबाङ्ग, स्याउलीबाङ्गलगायतका क्षेत्रमा फौजी किराले मकै बालीमा क्षति पुऱ्याएको छ । भखरै उम्रेका तथा कुटाउने बेलाका मकैमा किराले आक्रमण गरेर क्षति पुर्याउन थालेको स्थानीय किसानले बताएका छन। यस अघि पाक्नै लागेको गहुंबाली भित्र्याउने बेलामा असिना पानीले बाली ध्वस्त बनाउंदा बाली भित्र्याउन नपाएर लाखौको नोक्सानी ब्यहोरेका त्यहाका किसानले फेरी पनि फौजी किराको सामना गर्नुपरेको छ। बर्षभरी मेहेनत गरेर लगाएको बालीमा कहिले हावापानी त कहिले फौजी किराको आक्रमणले बालीमा क्षति पुऱ्याउन थालेपछि किसान चिन्तित हुन थालेका हुन् ।

किराले पात हुँदै आँख्लामा आक्रमण गरेपछि मकैको बोट मर्दै जान थालेको नौबहिनी गाउँपालिका २ लिघाका कृषक दुज बहादुर घर्ती मगरले बताए । 'राम्रो भएको हिउँदे खेती असिना पानीले नष्ट गऱ्यो', उनले भने, 'भएको अलि अलि अन्न पनि खाएर सकिसक्यो ।' घर्तीले मलिल अनुहार लगाउदै भने, 'गहुंबाली असिनाले नष्ट गरे पनि मकैबाली राम्रो हुन्छ कि भन्ने आश गरेको थिएँ, तर मकै बालिपनि नष्ट हुने भयो, अब के खाएर बाँच्ने ?'

पछिल्लो दुई हप्तादेखि मकै खेतीमा किराको आक्रमण बढेको नौबहिनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष बिकले बताए । किराले कमैबाली नष्ट गर्न थालेको स्थानीयले जानकारी दिएपछि जनप्रतिनिधिसहितको टोली पुगेर अमेरिकी फौजी किरा हो या हैन भनी स्थगत अनुगमन गरेको उनले कताए । 'कृषकको खेत बारीमै पुगेर रोगको पहिचान गर्यौं', उनले भने, 'मकैमा देखिएको संक्रमण फौजी किराको आक्रमण हो ।' मकैमा अमेरिकन फौजी किराको प्रकोप फैलिएको ठहर गदै बिकले भने, 'अधिकांश किसानको खेत बारीको मकैमा किराको आक्रमण फैलिएको र प्रकोप बेलैमा नियन्त्रण गर्न नसके धेरै क्षेत्रमा फैलिने खतरा छ ।'

आकस्मिक कृषिबाली संरक्षण सेवा मार्फत किरा नियन्त्रण गर्न साइपरमेसन, क्लोरोपाइरीपस तथा किंगस्टारनामक विषादी खरिद गरीसकेको उनले जानकारी दिए । अबको एक दुई दिन भित्रमै कृषकलाई औषधि बितरण गर्ने तयारी थालिएको उनको भनाइ छ।

कृषि प्रमुख बिकका अनुसार फौजी किरा १०० मिटरसम्म हिँड्न सक्ने भएकाले एक ठाउँबाट अर्को ठाउँमा सजिलै जाने र दिउँसोमा भन्दा बढी विहान र रातिमा मकै बालीमा क्षति गर्दछ । किराले मकैको कमलो भाग गुदी र पातको कमलो भाग खाएर बोटलाई नै क्षति गर्छ ।

गाउँपालिकाका बिभिन्न वडाबाट किराले बालीमा क्षती भएको गुनासो आएकाले कृषि प्राविधिकलाई परिक्षणका लागि ठाउँ ठाउँमा पठाएको गाउँपालिकाका अध्यक्ष शिव रिजालले बताए । 'फौजी किराले पालिकाको विभिन्न वडाहरुमा किसानहरुले खेतबारीमा लगाएको मकै बाली सखाप पार्न थालेपछि गाउँपालिकाले खरिद गरेको विषादी ८ वटै वडामा पठाई वडा कार्यलयमार्फत अनुदानमा उपलब्ध गराउने छौं', उनले भने, 'यदि बिषदीको प्रयोगपछि पनि किरा नियन्त्रणमा नआए क्षतिको अवस्था हेरी कृषकलाई मकैको बिउ तथा अन्य सुविधा गाउँपालिकाले दिनेछ ।'

यस्तै ऐरावती गाउँपालिकाको पाँच वटै वडामा फौजी किराको प्रकोप बढेको छ । पाँच वडामध्ये सबैभन्दा बढि वडा नंम्बर १ को दाङ्गबाङ्गमा प्रकोप देखिएको गाउंपालिकाका कृषि शाखा प्रमुख सरोज घर्तीले जानकारी दिए । 'यसपालि पहिलेकै जस्तो खेती नहुने देखिएको छ', उनले भने, 'प्रकोप नियन्त्रणका लागि गाउँपालिकाको कृषि शाखा मार्फत बिषादी खरिद गरी प्रत्येक वडा वडामा पठाइएको छ ।'

### चौधौं दलले बुझाए ज्ञापनपत्र
# नेपालको नयाँ नक्साप्रति समर्थन



**काठमाडौं/मस–** नेपालका १४ राजनीतिक दलले विभिन्न १२ बुँदे माग राख्दै प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका छन् । सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत उनीहरुले संयुक्त रुपमा प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

ज्ञापनपत्रमा सीमा विवादका विषयदेखि कोरोना भाइरस (कोभिड-१९) महामारीमा सरकारले गर्नुपर्ने कार्यहरु उल्लेख गरिएको छ । ज्ञापनपत्रमा भारतले नेपालको सीमा मिचेर सडक सञ्जाल निर्माण गरेको कार्य निन्दनीय रहेको १४ राजनीतिक दलले ठहर गरेका छन् । उनीहरुले भारतको उक्त कार्यविरुद्ध नेपाल सरकारले लिम्पियाधुरा, कालापनी र लिपुलेक भूभागहरु समेटिएको नयाँ नक्सा जारी गरेकोप्रति समर्थन जनाउँदै ज्ञापनपत्रमार्फत धन्यवाद ज्ञापन गरेका छन् ।

ज्ञापनपत्रमा सरकारले नक्सामा हाल समेटिएका भूभागमा बसोबास गर्ने जनसमुदायहरुका आधारभूत आवश्यकताहरुलाई सम्बोधन गर्ने विविध कार्यक्रम ल्याउन, त्यस क्षेत्रलाई देशको सडक सञ्जालसँग शीघ्रातिशीघ्र जोड्न र त्यहाँ राज्यको उपस्थितिलाई प्रभावकारी बनाउन माग गरिएको छ ।

त्यस्तै ज्ञापनपत्रमार्फत एमसीसी परियोजना संशोधन गरेर मात्र संसदबाट पारित गर्न माग गरिएको छ। सरकारले कोभिड-१९ को पीसीआर परीक्षणलाई व्यापक र प्रभावकारी बनाउन र स्थानीय तहमा कायम गरिएका क्वारेन्टाइन र आइसोलेसन केन्द्रहरु तोकिएको मापदण्ड अनुरुप व्यवस्थित गर्न १४ दलले ज्ञापनपत्रमार्फत माग गरेका छन् ।

यस्तै केन्द्रीय तहबाट नै उपचारको काम गर्न अनुमति पाएका सरकारी, सामुदायिक वा निजी अस्पतालमा कार्यरत चिकित्सक, नर्स र सबैखाले सहायकहरुले कोरोना संक्रमणबाट सुरक्षित रहने सामग्री तथा व्यवस्था प्राप्त गरे/नगरेको अनुगमन गर्न र उनीहरुले स्वास्थ्य सामग्री पाउने सुनिश्चितता गर्न ज्ञापनपत्रमार्फत माग गरिएको छ ।

ज्ञापनपत्रमा केन्द्र र प्रदेशका कोरोना विशेष अस्पतालहरुलाई अझै व्यवस्थित र प्रभावकारी बनाउन समेत माग गरिएको छ । त्यस्तै विपन्न र गरिब जनतालाई लकडाउन अवधिभर उचित राहतको व्यवस्था गर्न ज्ञापनपत्रमार्फत माग गरिएको छ ।

ज्ञापनपत्रमार्फत देशभित्र र बाहिर अलपत्र परेका नेपाली नागरिकहरुको जिम्मेवारीपूर्ण एवं सुरक्षित तरिकाले उचित व्यवस्थापन गर्न १४ दलले माग गरेका छन् । त्यस्तै कोरोना महामारीबाट भएको आर्थिक मन्दी र चौतर्फी विपतलाई देशको आत्मनिर्भरता, स्वतन्त्रता र समृद्धि बढाउने अवसरमा परिणत गर्ने कार्यको शुरुवाता आर्थिक वर्ष २०७७/०७८ को बजेट निर्माणबाटै गर्न उनीहरुले माग गरेका छन् ।

नेपाली कांग्रेस (बी.पी.) का सभापति, हरिबोल भट्टराई, नेकपा (माले) का महासचिव सीपी मैनाली, जनसमाजवादी पार्टी, नेपालका अध्यक्ष सुवासराज काफ्ले, नेकपा (संयुक्त)का अध्यक्ष चन्द्रदेव जोशी, नेकपा (माओवादी) का संयोजक विमल अधिकारी, नेपालवाद पार्टीका अध्यक्ष किरण शर्मा र महासचिव दिपक कुमार शर्मा, राष्ट्रिय पुनर्जागरण अभियानका अध्यक्ष अनारसिंह कार्की, सर्वहारा नेकपा माओवादीका अध्यक्ष भावना विद्रोही, नेपाल समाजवादी पार्टीका उपाध्यक्ष रामशरण पाण्डे, ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाका अध्यक्ष फणिन्द्र नेपाल, नेपाल प्रजा परिषदका अध्यक्ष विनो प्रसाद आचार्य, राष्ट्रिय समाजवादी पार्टीका अध्यक्ष रुद्र ब. दर्लामी मगर, जनताको प्रजातान्त्रिक पार्टीका महासचिव राजेश्वर डी. श्रेष्ठ र जय देशभक्त पार्टीका अध्यक्ष कृष्ण ब. थापाले संयुक्त रुपमा ज्ञापनपत्र बुझाएका हुन् ।

# खोटाङमा ८५ जनाको पीसीआर परीक्षण

सन्तोश पौडेल/मध्यान्ह
खोटाङ, १२ जेठ

खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र जिल्ला अस्पतालको आयोजनामा अग्रपंतिमा रहेर कार्यक्षेत्रमा खटिएका स्वास्थ्यकर्मी, पत्रकार, सुरक्षाकर्मी र क्वारेनटाइनमा रहेका १९ जना गरी ८५ जनाको पीसीआर टेष्ट गरिएको छ ।

दिक्तेल बजारस्थित सरस्वतीमाविमा सोमबार ८५ जनाको स्वाव संकलन गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका स्वास्थ्य संयोजक तिर्थराज आचार्यले जानकारी दिए । आवश्यक्तानुसार थप व्यक्तिहरुको पनि स्वाव संकलन गरिने संयोजक थापाले बताए । आरडीटी परीक्षण गर्ने काम जारी रहेको र सोमबार नै बुईपा र नेर्पामा रहेका क्वारेनटाइनका ब्याक्तिहरुको आरडीटी परीणण गर्ने आचार्यले बताए ।

१ सय ५ जनाको स्वाव परिक्षण गर्दा खोटाङमा एक जना ब्याक्तिको मात्रै रिपोर्ट पोजेटिभ आएको जिल्ला अस्पताल खोटाङका प्रमुख शैलेश श्रेष्ठले बताए ।

**चौथो...**

यसका साथै, सप्तरीको डाक्नेश्वरी गाउँपालिकाका २२ र २४ वर्षका दुइ जना थपिएको हो । दुवैको स्वाबको परीक्षण बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भएको थियो । सप्तरीमा संक्रमितको संख्या चार पुगेको छ । सिरहामा एक, महोत्तरीमा चार, सर्लाहीमा ३४ र पर्सामा ९३ जना संक्रमित छन् ।

**संसदको...**

सम्झौतामा काठमाडौंको लप्सीफेदीदेखि नुवाकोटको रातमाटेसम्म, रातमाटेदेखि हेटौंडासम्म, रातमाटेदेखि दमौलीसम्म, दमौलीदेखि बुटवलसम्म र बुटवलदेखि भारतको सिमानासम्मको खण्डमा चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण तथा रातमाटे, दमौली र बुटवलमा तीन सबस्टेशन निर्माण गरिने उल्लेख छ । संसद्बाट पारित सरकारको नीति तथा कार्यक्रममा प्रसारण विस्तारको विषय उल्लेख छ। पूर्वपश्चिम राजमार्गको कपिलवस्तु जिल्लाको चन्द्रौटादेखि लमही हुँदै बाँके र दाङ जिल्लामा पर्ने शिवखोलासम्म कुल १०० किलोमिटर सडकको स्तरोन्नति गरिनेछ । बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारण लाइनको नेपाल भारत सीमासम्मको निर्माणका लागि सहायता उपयोग गरिने पनि जनाइएको छ ।

**प्रधानमन्त्रीको...**

छ । भारतले रेल सेवा सञ्चालन गरेपछि स्वदेश फर्किएका नेपाली कामदार जेठ महिनाको चर्को घाममा स्वच्छ पिउने पानी विना नै सञ्चालन गरिएका क्वारेन्टाइनमा बस्न बाध्य भइरहेका छन् । क्वारेन्टाइनको सुविधाको विषयलाई लिएर कतिपय ठाउँमा झडप भई नेपाली सेना नै परिचालन गर्नु परिरहेको छ ।

संघीय संसद्मा प्रधानमन्त्रीले विदेशमा रहेका नेपालीलाई फर्काउने विषयमा नेपालको राष्ट्रिय क्षमतामा नै प्रश्न उठाएका थिए। उनले भनेका थिए, 'कतारले नेपालबाट सयजना लैजानु र हामीले कतारबाट पौने चार लाख नेपालीलाई ल्याएर व्यवस्थापन गर्नु एउटै विषय होइन । विदेशमा ४० देखि ४५ लाख नेपाली रहेका छन् । हामीसँग ४/५ वटा मात्र जहाज छन् । उनीहरुलाई कसरी फिर्ता ल्याउने हो, मेरो त गणित अलिक कमजोर रहेको छ, तपाईंहरु नै हिसाव लगाउनुहोस् ।'

सोमबार राष्ट्रका नाममा भएको संवोधनामा विदेशमा रहेकाहरुलाई तत्काल स्वदेश फर्काउने आदेश जारी गर्ने भनाइ यसअघि प्रतिनिधिसभा अन्तर्गतका विभिन्न समिति, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगले उपयुक्त प्रवन्ध गरी विदेशमा रोजगारी गुमाई वा अन्य कारण अलपत्र परेका नेपालीहरुलाई ल्याउन नेपाल सरकारलाई दिएको निर्देशनको जवाफ त होइन भन्ने कतिपयको आशंका छ ।

उपप्रधानमन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा रहेको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले विदेशमा रहेका नेपालीहरुलाई फर्काउने तयारी गरिरहेको पटक-पटक सार्वजनिक गरिरहेको छ । तर विदेशमा चरम समस्या व्यहोरिरहेका आफ्ना नागरिक फर्काउने निर्णय गर्न सकिरहेको छैन।

विदेशमा हजारौं नेपाली संक्रमित रहेका छन् । १५ जना नेपालीको कोरोनाका कारण मृत्यु भइसकेको छ। परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले करिब ६ लाख नेपालीको उद्धार गर्नुपर्ने र करिब ३ लाखलाई तत्काल उद्धार गर्नुपर्ने संसदीय समितिलाई जानकारी दिएका छन् । यस्तो अवस्थामा नेपालले वास्तवमै आफ्ना नागरिक फर्काउला वा आदेश जारी गरेर मात्रै बस्ला ? प्रधानमन्त्री ओलीको राष्ट्रका नाममा आएको संवोधन सँगसँगै यो प्रश्न समेत उठेको छ ।


नेपाल सरकार
खानेपानी मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०७७।०२।१३**

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट मिति २०७६।११।२९ गते मध्यान्ह राष्ट्रिय दैनिक र मिति २०७६।१२।४ गते नाागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिमको प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल:**

| ठेक्का नं. | कामको विवरण | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| २१-०७६/०७७ | डीप ट्यूववेल (बोरिङ्ग) निर्माण | पदमपुर खा.पा.आ. | एस.एस. वाटर एण्ड ट्यूववेल प्रा.लि., चितवन | २६९८१०२.०० |
| २२-०७६/०७७ | डीप ट्यूववेल (बोरिङ्ग) निर्माण | सौराहा बछ्यौली खा.पा.आ. | एस.एस. वाटर एण्ड ट्यूववेल प्रा.लि., चितवन | १३५३१५४.०० |
| २३-०७६/०७७ | डीप ट्यूववेल (बोरिङ्ग) निर्माण | पार्वतीपुर खा.पा.आ. | श्रीमन ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., चितवन | १४०००००.०० |
| २४-०७६/०७७ | डीप ट्यूववेल (बोरिङ्ग) निर्माण | शिवनगर खा.पा.आ. | श्रीमन ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., चितवन | १४१३५५४.०० |
| २५-०७६/०७७ | डीप ट्यूववेल (बोरिङ्ग) निर्माण | पटिहानी खा.पा.आ. | श्रीमन ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि., चितवन | १४०६०७६.०० |
| २६-०७६/०७७ | एच.डि.पि.पाइप (PE-100) खरिद | नारायणी १,२ खा.पा.आ. | पन्चकन्या प्लाष्टिक इ.प्रा.लि., ललितपुर | १११०५०२०.०० |
| २७-०७६/०७७ | एच.डि.पि.पाइप (PE-100) खरिद | विभिन्न खा.पा.आ. हरु | पन्चकन्या प्लाष्टिक इ.प्रा.लि., ललितपुर | ११०३४१००.०० |
| २८-०७६/०७७ | एच.डि.पि.पाइप (PE-100) खरिद | पदमपुर खा.पा.आ. | नेपाल सिन्टेक्स ई.प्रा.लि., चितवन | ४९०४६६५.०० |
| २९-०७६/०७७ | ४५० घ.मि. OHT निर्माण | गितानगर खा.पा.आ. | कृपा कन्स्ट्रक्सन, चितवन | १२७५०६३०.०० |
| ३०-०७६/०७७ | ४५० घ.मि. OHT निर्माण | सिद्धिपुर खा.पा.आ. | कृपा कन्स्ट्रक्सन, चितवन | १२८१०४२२.०० |

**आयोजना प्रमुख**



**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रूकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/१३

भूमे गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम शैक्षिक तालिम केन्द्र स्थापनाका लागि आवश्यक पर्ने कम्प्यूटर, फर्निचर तथा फिक्चर्स र सोलार पावर सिष्टम लगायतका सामानहरु खरिद गर्नुपर्ने भएकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरू**

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७५।०७६ सम्मको करचुक्ता प्रमाणपत्र, नवीकरण इजाजत पत्र र आय कर दर्ता प्रमाणपत्रको १/१ प्रति नोटरी प्रमाणित प्रतिलिपी, कारोबार गर्न अयोग्य नभएको र कालो सूचीमा नपरेको स्वः घोषणा अनिवार्य पेश गर्नुपर्नेछ ।
२. दरभाउपत्र फाराम वापत नगदै रु. १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७७।०२।२७ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु २०७७।०२।२८ गते दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।
३. पेश भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ । रीतपूर्वक पेश नभएका, म्याद नाघी आएका वा शर्त राखिएका दरभाउपत्रमाथि कुनै कारवाही गरिने छैन । दरभाउपत्रदाता प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ ।
५. दरभाउपत्रसाथ कबोल अंकको २.५ प्रतिशत रकम बराबरको क वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ३० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ। दरभाउपत्र जमानत नगदै यस कार्यालयको धरौटी खातामा पनि जम्मा गर्न सकिनेछ ।
६. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ। यसो भए तापनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ ।
७. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
८. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानून बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| दरभाउपत्र नं. | विवरण | अनुमानित ल.इ. रकम रू. (भ्याट समेत) | कै. |
|---|---|---|---|
| SQ03/GOODS/076/077 | शैक्षिक तालिम केन्द्रका लागि कम्प्यूटर ढुवानी तथा जडान | १८९६८४०।- | |
| SQ04/GOODS/076/077 | शैक्षिक तालिम केन्द्रका लागि सोलार सिष्टम ढुवानी तथा जडान | १२९१४८४।- | |
| SQ05/GOODS/076/077 | शैक्षिक तालिम केन्द्रका लागि फर्निचर निर्माण, ढुवानी तथा जडान | ८१८४२०।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

# सन्दीप र कुशल विश्वका उत्कृष्ट युवा खेलाडीको सूचीमा





**काठमाडौं, एजेन्सी–** नेपालका २ जना क्रिकेटर विदेशी एक पत्रिकाले सार्वजनिक गरेका विश्वका युवा खेलाडीको सूचीमा परेका छन्। युएईबाट प्रकाशित हुने 'द नेशनल'ले सार्वजनिक गरेको सूचीमा २० बर्ष भन्दा कम उमेरका २० उत्कृष्ट खेलाडीको सूची प्रकाशित गरेको हो। उक्त सूचीमा नेपालका स्टार लेग स्पिनर सन्दीप लामिछाने र अलराउण्डर कुशल मल्ल परेका हुन्।

यो सूचीमा टेष्ट मान्यता देशका खेलाडीको बाहुल्यता रहेको छ। यस्तै एसोसिएट क्रिकेटबाट यो सूचीमा पर्ने खेलाडीमा युएई र स्कटल्यान्डका एक एक जना समावेश छन्।

पत्रिकाले जनाएअनुसार यो सूचीमा भारतबाट धेरै खेलाडी परेका छन्। यस्तै पाकिस्तान, दक्षिण अफ्रिका, अष्ट्रेलिया, वेष्ट इन्डिज, अफगानिस्तान, बंगालादेश र स्कटल्याण्डबाट पनि खेलाडी परेका छन्।

उत्कृष्ट खेलाडीको सूचीमा परेका भारतीय खेलाडीमा यशस्वी जैसवाल, रवी बिस्नोइ, कार्तिक त्यागी, प्रियम ग्राग रहेका छन्। सबै खेलाडी १९ बर्षका रहेका छन्। यी खेलाडीमा यशस्वी यो सिजनको आइपीएलमा पनि विक्रि भइसकेका खेलाडी हुन भने ग्रागले भारतको यू १९ क्रिकेटका कप्तान हुने भने पहिलो श्रेणीमा दोहोरो शतक बनाएका खेलाडी हुन्।

यस्तै त्यागी पनि आइपीएलमा छनोट भएका यू १९ खेलाडी हुन्। उनले भारतबाट विश्वकप पनि खेलेका छन्। रवी बिस्नाइ भारतका युवा बलर हुन्। जसले दक्षिण अफ्रिकामा भएको विश्वकपमा धेरै विकेट लिएका थिए। नेपालबाट परेका सन्दिप लामिछाने चर्चित युवा क्रिकेटर हुन्। विश्वका प्राय सबै फ्रेन्चाइजी लिग खेलेका सन्दिप नेपालका लागि टी २० मा एक सय विकेट लिने पहिलो खेलाडी हुन्। यसका साथै उनी एकदिवसीय क्रिकेटमा पनि नेपालका लागि धेरै विकेट लिने बलर हुन्।


कुशल मल्ल एक अलराउण्डर हुन्। उनले एकदिवसीय क्रिकेटमा कम उमेरमा अर्धशतक बनाउने कीर्तिमान बनाएका छन्। यसका साथै उनी एक किफायती बलर पनि हुन्। उनले घरेलु मैदानमा भएको त्रिकोणात्मक एकदिवसीय सिरीजमा अमेरीकाविरुद्ध डेब्यु गरेका थिए। यस्तै टी-२० मा सिङ्गापुरमा भएको त्रिकोणात्मक सिरीजमा जिम्बावे विरुद्ध डेब्यु गरेका थिए।

अफगानिस्तानबाट यो सूचीमा पर्ने खेलाडीमा मुजिब उर रहमान र साफिकुल्लाह घफारी रहेका छन। यस्तै पाकिस्तानबाट हइदर अली र रोहित नाजिर रहेका छन। दक्षिण अफ्रिकाबाट ब्रास पार्सन्स छन भने स्कटलयाण्डका टम माकिन्टोन, इंग्ल्याण्डका हमिदुल्लाह कद्री सूचीमा परेका छन। बंगलादेशका रोसिफुल इस्लाम र रकिबुल हसन उत्कृष्ट युवा खेलाडीको सूचीमा छन।

अष्ट्रेलियाका तनविर संघा र युएईका जोनाथन फिगी तथा वेष्ट इन्डिजका जयडेन सिल्स युवा उत्कृष्ट खेलाडीको सूचीमा परेका छन।

द नेशनलले यो सूची उमेर समुहमा अन्तराष्ट्रिय क्रिकेटमा गरेको प्रदर्शनका आधारमा गरेको हो। यसमा प्रायः सबै खेलाडी १९ बर्षको हाराहारीमा रहेका छन। नेपालका कुशल मल्ल र स्कटल्याण्डका टम मात्र सबै भन्दा कम उमरेका रहेका छन। दुबैको उमेर १६ बर्ष उल्लेख गरिएको छ।

# भारतका पूर्व हकी खेलाडी सिंहको निधन



**मोहाली, एजेन्सी–** भारतका महान हकी खेलाडी बलबीर सिंहको निधन भएको छ।

९६ वर्षीय सिंह पछिल्लो केही महिनादेखि विरामी थिए। तीन पटक ओलम्पिकमा स्वर्ण पदक विजेता सिंहको मोहालीको फोर्टिस अस्पतालमा निधन त्यहाँका निर्देशक अभिजीत सिंहले पुष्टि गरेका छन्। बलबीलाई १३ मे मा हर्टअट्याक् भएको थियो। त्यसपछि भेन्टिलेटरमा राखिएकोमा आज उनको निधन भएको हो।

बलबरिले १९४८ को लण्डन, १९५२ को हेलसिंकी र १९५६ को मेलवर्न ओलम्पिकमा भारतका लागि स्वर्ण पदक जित्दा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। हेलसिंकी ओलम्पिकमा नेदरल्याण्डविरुद्ध ६-१ ले जीत हात पार्दा बलबरिले ५ गोल गरेका थिए। यो रेकर्ड अहिले पनि कायमै छ। उनी १९७५ को विश्वकप जित्दा भारतीय टिमको म्यानेजरको भूमिकामा पनि थिए।

# अफगान राष्ट्रपतिद्वारा दुई हजार तालिबानी लडाकू रिहा

**काबुल, एजेन्सी–** अफगानिस्तानमा २ हजार तालिबान लडाकू जेलमुक्त भएका छन्। यहाँका राष्ट्रपति अस्रफ घानीले दुई हजार तालिबान लडाकूलाई जेलमुक्त गर्न आदेश दिएका थिए। राष्ट्रपति कार्यालयका सरकारका प्रवक्ता सदिक सद्दिकीले तालिबान र सरकारबीच भएको सम्झौता बमोजिम तालिबानी लडाकूहरूलाई मुक्त गरिएको जानकारी दिए।

हाल तालिबानी विद्रोही समूह र सरकार दुबैले इद-उल फित्रका अवसरमा तीन दिने युद्धबिराम घोषणा गरेका छन्। राष्ट्रपति घानीले तालिबानद्वारा गरिएको युद्धबिरामको स्वागत गर्दै तालिबान समूहले पनि कब्जामा राखिएका सरकारी सैनिक मुक्त गर्ने विश्वास पनि व्यक्त गरे।

प्रवक्ता सद्दिकीलेले ट्वीट गर्दै अफगान सरकारले शान्ति प्रक्रियाको सफलता सुनिश्चित गर्न थाँती रहेका कार्यहरू जतिसक्दो चाँडो सम्पन्न गर्न तालिबान पक्ष लचिलो हुने सरकारले विश्वास लिएको बताए। यसै वर्षको फेब्रअरी २९ मा संयुक्तराज्य अमेरिका र तालिबान समूहबीच कतारको राजधानी दोहामा एउटा सम्झौतामा हस्ताक्षर भएको थियो जसमा अफगानिस्तानका कारागारमा रहेका पाँच हजार तालिबान लडाकू मुक्त गर्ने एउटा प्रमुख शर्त थियो।

साथै उक्त सम्झौतामा १४ महिनाभित्र अफगानिस्तानमा तैनाथ अमेरिकी समेत सम्पूर्ण विदेशी फौज हटाइने, अन्तर-अफगान शान्ति वार्ता गरिने उल्लेख छ।


"तपाईको स्वास्थ्य, हाम्रो अठोट"

**नेपाल सरकार**

**स्वास्थ्य बीमा बोर्ड**

टेकु, काठमाण्डौ

## स्वास्थ्य बीमा सम्बन्धी जानकारी

**स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुर्‍याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो। यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ। यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ। यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ। यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ। साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुर्‍याउने लक्ष्य रहेको छ।**

### स्वास्थ्य बीमामा आबद्ध हुने तरिका

- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ।

### बीमामा आबद्ध हुन लाग्ने योगदान रकम

- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।–
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।–
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ।

### बिमीत परिवारले पाउने सुविधाको थैली

- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००।– सम्मको स्वास्थ्य उपचार पाइन्छ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।– वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।– सम्मको उपचार सुविधा पाइन्छ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।– सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन्।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ।

### स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरू

- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु।

### स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरू

प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम
प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा
प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र धादिङ्ग
गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्याग्दी, तनँहु, गोरखा, स्याङ्गजा र पर्वत
प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी
कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख
सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कञ्चनपुर, डोटी र डडेलधुरा

### तत्काल लागु हुने जिल्लाहरू

धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

**थप जानकारीको लागि**

**www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस।**

**"सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"**


# भारतमा कोरोनाको असर बढ्यो



**नयाँ दिल्ली, एजेन्सी-** पछिल्लो समय दक्षिण एशियाली देश भारतमा कोरोना संक्रमितको संख्या बढ्दो क्रममा छ।

भारतमा सोामबार साँझसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ३९ हजार ९ सय ११ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

सोमबार जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ४ हजार ३९ जना पुगेको छ। यस संक्रमणबाट निको भएका बिरामीको संख्या ५७ हजार ९ सय ७६ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ। हाल भारतमा ७७ हजार ८ सय ९६ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन्। यहाँमात्र ५० हजार २३१ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन्।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ। त्यहाँ १६ हजार २७७ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन्। गुजरातमा १४ हजार ५६ संक्रमति रहेका छन्। दिल्लीमा १३ हजार ४१८ जना कोरोना संक्रमित रहेका छन्।

भारतमा दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ। कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ। कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ। भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो। दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो। तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो।

भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको थियो।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो।

भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ। यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ।

यसैबीच, भारतमा कोरोना भाइरसबाट गएको २४ घन्टायता अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित भेटिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

भारतीय सञ्चारकाअनुसार पछिल्लो २४ घण्टामा ६ हजार ९७७ जना संक्रमित भेटिएका हुन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएअनुसार यो सहित भारतमा कोरोना संक्रमितको कूल संख्या एक लाख ३८ हजार ८४५ पुगेको छ।

त्यसैगरी भारतमा विगत २४ घण्टामा १५४ जनाको मृत्यु भएको छ। यहाँ कोरोना भाइरसबाट अहिलेसम्म ४ हजार २१ जनाको मृत्यु भएको पनि अधिकारीहरूले जनाएका छन्।


**प्रदेश सरकार**
**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बिराटनगर**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**उदयपुर**
**प्रदेश नं. १**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०७७/०२/१३

यस कार्यालयबाट मिति २०७६/११/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction of Veterinary Hospital and Livestock Service Expert Center Building Udayapur सम्बन्धी सूचना अनुसार यस कार्यालयको कार्यालय आवस तथा भवन निर्माणको लागि E-Bidding मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्य प्राविधि प्रस्तावको मुल्यांकनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएकोले निजले पेश गरेको आर्थिक प्रस्ताव E-Bid मार्फत मिति २०७७/०२/२० गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| ठेक्का नं. | कार्यको विवरण | प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता |
|---|---|---|
| VHLS/UDAYAPUR/NCB/Works/01-2076/77 | Construction of Veterinary Hospital and livestock Service Expert Center Building Udayapur | (1) Pabitra Nirman Sewa Udayapur Gaighat (2) Sagarmatha/Regmi J.V Triyuga municipality -11 |

**कार्यालय प्रमुख**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर**



**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रूकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र आह्वानको म्याद थप गरिएको सूचना

सूचना प्रकाशन मिति : २०७७/०१/२९

यस कार्यालयबाट मिति २०७७।०१।२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम तोकिएका विद्यालयहरुमा कम्प्यूटर ल्याब, स्मार्ट बोर्ड स्थापना र बालमैत्री कक्षा व्यवस्थापन गर्न कम्प्यूटर, स्मार्ट बोर्ड र बालमैत्री कक्षा व्यवस्थापनका लागि फर्निचर लगायतका सामानहरु खरिदका लागि सिलबन्दी दरभाउ आह्वान मार्फत दरभाउपत्र नं. SQ01/GOODS/076/077/SQ02/GOODS/076/077 बाट आव्हान गरिएको सिलबन्दी दरभाउपत्रको दरभाउपत्र खरिद गर्नुपर्ने अन्तिम मिति २०७७।०२।१२ गते र दरभाउपत्र खोलिने मिति २०७७।०२।१३ गते तोकिएकोमा उल्लिखित दरभाउपत्रहरुको म्याद थप गरी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७७।०२।१९ गते कार्यालय समयभित्र र पेश गर्ने मिति २०७७।०२।२० गते दिउँसो १२ बजेभित्र र खोल्ने मिति सोही दिनको दिउँसो ३:०० बजे तोकिने गरी म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# होटलहरुलाई क्वारेन्टाइन बनाउन होटल एशोसिएसन सहमत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ



होटल एसोसिएसन अफ नेपाल (हान) आवश्यक परे होटललाई क्वारेन्टाईन बनाउन दिन सहमत भएको छ । हान र पर्यटन विभागबीच होटलहरुलाई क्वारेन्टाईन बनाउनेबारे भएको छलफलमा हानले सो जानकारी दिएको हो । हान र विभागका महानिर्देशक डण्डुराज घिमिरेबीच भएको छलफलमा होटललाई कसरी सुरक्षित राख्दै क्वारेन्टाईन बनाउन सकिन्छ भनेर छलफल भएको हानले जानकारी दिएको छ। हानले भने बाहिरी हल्ला मात्रै आएको र सरकारको तर्फबाट कुनै आधिकारिक कुरा नआएकाले होटलहरुलाई क्वारेन्टाईन बनाउन दिने या नदिने भन्ने विषयमा छलफल गरेको जानकारी दिएको छ।

हानका अनुसार त्यसरी होटलहरुलाई क्वारेन्टाईन बनाउँन दिँदा स्थानीयबाट हुने अवरोध कम गर्न, कर्मचारीहरुको सुरक्षाको ग्यारेन्टी तथा सो क्षेत्रका स्थानीयबासीको सुरक्षा सरकारले लिनुपर्ने छ । साथै होटलहरुलाई क्वारेन्टाईन बनाउन दिने हो भने सरकारले केही मापदण्ड पुरा गर्नुपर्ने हानले उल्लेख गरेको छ । होटल निर्माण गर्दा बनेको मापदण्डले क्वारेन्टाईनलाई नहुने र आमजनताको जीउधनको सुरक्षाका लागि सरकारले क्वारेन्टाईनको आवश्यक मापदण्ड तयार गरे होटललाई क्वारेन्टाईन बनाउन दिने हानले जानकारी दिएको छ। हानका अध्यक्ष सृजना राणा नेतृत्वको प्रतिनिधिले कोभिड-१९ बाट सृजित राष्ट्रिय संकटलाई न्यूनीकरण गर्न सघाउने उद्देश्यले विदेशबाट नेपाली ल्याउँदा होटललाई क्वारेन्टाइनका रुपमा उपयोग गर्ने निर्णय गरे संघमा आबद्ध सदस्य होटलबाट सरकारसँग समन्वय गर्ने बताएको छ।

त्यस्तै हानले स्वास्थ्यकर्मी तथा अग्रपंक्तिमा रहेका कोरोना संक्रमणविरुद्ध खटिने व्यक्तिलाई आवश्यकताअनुसार होटलमा क्वारेन्टाइनको व्यवस्था गर्न सकिनेसमेत जानकारी दिएका छ। तर होटललाई क्वारेन्टाईन बनाए पछि सो समयअवधिभर उपलब्ध गराइने तोकिएको चार छाक पौष्टिक स्वास्थवर्द्धक आहार, आवश्यक पर्ने सबैखाले आधारभूत सेवासुविधा, सञ्चार, पानी, बिजुलीलगायतका कामदार कर्मचारीको पारिश्रमिक, सेवा शुल्क, कर दस्तुर सबै खर्चहरु सरकारको वर्गिकरण अनुसार पर्यटकस्तरीयदेखि पाँच तारे होटलहरुमा लाग्ने अनुमानित खर्चहरुको शीर्षकअनुसार न्यून्तम आधारको रुपमा सबै सदस्य होटलहरुको जानकारी तथा प्रत्येक प्रतिष्ठानस्तरको सञ्चालन निर्णयका लागि सिफारिस गरिएको पनि विवरणपत्रमा उल्लेख गरिएको छ ।

पछिल्लो २ महिनाभन्दा बढी अवधिदेखि बन्द होटल प्रतिष्ठानहरुमा कर्मचारीको उपलब्धता र भौतिक संरचनारउपकरणहरुको संचालनलाई ध्यानमा राखेर क्वारेन्टाइनको रुपमा होटल संचालन गर्ने नगर्ने निर्णय प्रत्येक सदस्य प्रतिष्ठानहरुले लिन सक्ने छ । साथै क्वारेन्टाइनको रुपमा संचालन गर्न सकिने होटल प्रतिष्ठानहरुमा उपयुक्त स्वास्थ्य संरक्षण गर्ने विधि तथा व्यवस्था लगायत उपलब्ध पूर्वाधार, सेवा, सुविधा सरकारले तोकेको मापदण्ड पूरा गरी सरकारी नियमनकारी आधिकारिक निकायमा दर्ता भए नभएको पनि अद्यावधिक हुनुपर्ने पनि होटल संघ नेपालको विवरणपत्रमा उल्लेख छ । होटल संघ नेपालको देशैभरि छरिएका रहेका साथै सातै प्रदेशमा रहेका १५ क्षेत्रीय संघहरु अन्तर्गत ३ हजार ५ सय होटलहरु सदस्य रहेका छन ।

## दुग्ध क्षेत्रमा तीन अर्ब नोक्सान
# बजेटमा प्याकेजको घोषणा गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ




बन्दाबन्दी शुरु भएको दुई महिनाको अवधिमा दुग्घ क्षेत्रमा तीन अर्ब रुपैयाँभन्दा बढीको नोक्सान भएको डेरी सञ्चालकहरुले बताए। दूध र दुग्धजन्य वस्तुको खपत बढी हुने शहर बजार क्षेत्रमा बस्दै आएका अधिकांश नागरिक लकडाउनका कारण गाउँ फर्केकाले पछिल्लो समय दूधको खपत २० प्रतिशतमा झरेको डेरी एशोसिएशनले जनाएको छ। संस्थाका अनुसार दुग्धजन्य पदार्थ खपतको मुख्य याममा बन्दाबन्दीका कारण नोक्सानी व्यहोरेका डेरी सञ्चालकलाई मौज्दात राखिएका पदार्थको म्याद सकिने अर्को चिन्ता थपिएको छ ।

मुख्य यामका लागि मौज्दात राखिएको रु पाँच अर्ब बराबरको धुलो दूध र नौनी बिक्री नभई थुप्रिएको एशोसिएशनका महासचिव दाहाल बताउँछन्। उनका अनुसार एक वर्ष मात्र अवधि भएका पदार्थको अवधि अब पाँच महिना मात्र बाँकी रहँदा सञ्चालकलाई अर्को चिन्ता थपिएको छ ।

बन्दाबन्दीका कारण दुग्धजन्य पदार्थको खपत न्यून हुँदा उत्पादन लागतमा वृद्धि भएको तथा किसानलाई समयमा भुक्तानीमा समस्या भएको उनले जानकारी दिए । "हामीले नियमित रुपमा कृषकबाट दूध लिइरहेका छौँ, खपत कम भएपछि हामीले पाउडर दूध, बटर तथा अन्य परिकार बनाएर स्कट राखेका छौँ", उनले भने, "तर सिजनका लागि बनाइएको पुराना मौज्दातसमेत बिग्रने डर भएको छ । पर्याप्त मात्रामा दुग्धजन्य पदार्थको मौज्दात रहँदा किसानलाई भुक्तानीदेखि कर्मचारीलाई तलब, घरभाडा तथा बिजुलीलगायतका खर्च यथावत् रहँदा व्यवस्थापनमा समस्या भयो ।"

रु तीस अर्बभन्दा बढी लगानी रहेको एशोसिएशन करीब पाँच लाख कृषक परिवारलाई प्रत्यक्ष रोजगारको माध्यम बनेको तथा २० हजारभन्दा बढीले रोजगारी पाएको उनले जानकारी दिए । उनका अनुसार दैनिक शहरबाट रु पाँच करोडभन्दा बढी रकम गाउँसम्म तथा ३१ लाख लिटर दूध प्रत्येक दिन बजारमा पुग्ने गरेको छ ।

डेरी एशोसिएशनको तथ्यांकानुसार नेपालमा दैनिक ६२ लाख लिटर दूध उत्पादन हुने गरेकामा औपचारिक क्षेत्रमा १७ र अनौपचारिक क्षेत्रमा ३३ प्रतिशत खपत हुँदै आएको छ भने कृषक स्वयंले ५० प्रतिशत उपभोग गर्ने गरेका छन् ।

यस्तै नेपाल डेरी एशोसिएशनले दुग्ध क्षेत्रमा परेको गम्भीर समस्यालाई समेटेर आगामी आर्थिक वर्ष २०७७/०७८ बजेट तथा कार्यक्रममा समावेश गरी राहत प्याकेज घोषणाको माग राखेको छ। राहतका लागि राष्ट्रिय दुग्ध विकास बोर्डमार्फत सम्बन्धित निकायलाई अनुरोध गरिएको भन्दै एशोसिएशनले आज भिडियो कन्फ्रेसमार्फत पत्रकार सम्मेलन गरी आफ्ना माग सार्वजनिक गरेको हो । दुग्धजन्य पदार्थको मुख्य याममा नै बन्दाबन्दीका कारण ८० प्रतिशत बजार गुम्न गई उत्पादन लागतमा वृद्धि हुँदा किसानलाई भुक्तानीदेखि घरभाडा, बिजुली र कर्मचारीको तलब भुक्तानीमा समस्या भएको एशोसिएशनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए । उनका अनुसार यामका लागि मौज्दात राखिएको धुलो दूध र नौनीको म्याद सकिन लाग्दा रु पाँच अर्ब नोक्सान थपिने अनुमान गरिएको छ ।

डेरी सञ्चालकलाई सरकारले विनाधितो उद्योगको प्रमाणपत्रका आधारमा पाँच वर्षका लागि सहुलियत दरको ऋण उपलब्ध गराउन माग गरिएको छ । यसैगरी उद्योगले यसभन्दा पहिला लिएको ऋणको भाका दुई वर्ष बढाई लकडाउन अवधिभरको व्याज मिनाहा गरिनुपर्ने, विद्युत्मा ५० प्रतिशत छुट र यसअघि दिइँदै आएको भ्याटमा ५० प्रतिशत छुट पुनः लागु गरिनुपर्ने माग रहेको जनाइएको छ ।

मागपत्रमा उल्लेख भएअनुसार सरकारले नयाँ उद्योगीलाई अनुदान दरको ऋण प्रदान गरी नयाँ उद्योगीलाई प्राथमिकता दिनुभन्दा ४० देखि ५० प्रतिशत क्षमतामा सञ्चालन भएका पुराना उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गराउने वातावरणको सिर्जना गर्नुपर्ने, बन्दाबन्दीभरको विद्युत्, टेलिफोन र इन्टरनेट शुल्क तथा एक वर्षसम्मको संस्था नवीकरणमा छुट गरी जरिवाना हटाउनुपर्ने, सहुलियत दरको ऋणको सीमा रु पाँच करोडबाट वृद्धि गरेर रु १० करोड बनाई दुई प्रतिशत व्याजमा झार्नुपर्ने लगायत समस्यालाई समावेश गरिएको छ ।

एशोसिएशनका अनुसार बन्दाबन्दीमा एशोसिएशनमा आबद्ध डेरीले निःशुल्क रुपमा दूग्ध तथा दूग्धजन्य पदार्थ वितरण गरेका थिए । विभिन्न स्थानमा बनाइएको क्वारेन्टिनदेखि ट्राफिक प्रहरी तथा सुत्केरीलाई निःशुल्क रुपमा दूध तथा घिउसमेत वितरण गरिएको थियो ।

# एनआईसी एशिया र रिचार्जर बीच छुट सम्बन्धी सम्झौता




**काठमाडौं/मस**-मोबाइल एप रिचार्जर र एनआईसी एशिया बैंकबीच सम्झौता भएको छ। सम्झौता अनुसार कोरोना सुरक्षाका सामग्री रिचार्जरबाट खरिद गर्दा बैंकको क्यू आर कोड, डेबिट कार्ड तथा क्रेडिट कार्डबाट रकम भुक्तान गर्दा १० प्रतिशत छुट पाउनेछन । ग्लोबल की टेक्नोलोजी र रिचार्जरकाबीचमा भएको सम्झौता अनुसार मे महिना भरी बैंकका सेवाग्राहीले रिचार्जरको छुटसँगै कोरोना सुरक्षाका सामान किन्दा थप १० प्रतिशत छुट पाउने छन्। रिचार्जरले विश्व बजारको तुलनामा नेपालमा सस्तो मूल्यमा के एन ९५ मास्क उपलब्ध गराउँदै आईरहेको छ।

निशुल्क होम डेलिभरी सहित १७५ रुपैयामा के एन ९५ मास्क उपलब्ध गराउँदै आएको रिचार्जरले सामाजिक उत्तरदायित्व अन्तरगत अलिबाबा, अमेजनलगायतका प्लेटर्ममा भन्दा पनि सस्तो मूल्यमा मास्क उपलब्ध गराइएको छ। रिचार्जरले कोरोना संक्रमण न्युनिकरणका लागि आवश्यक पर्ने मास्क, पञ्जा, थर्मल गन, स्यानिटाइजर, पर्शनल प्रोटेक्सन किट्सलगायतका सामान नाफा नोक्सान नहेरी सस्तो मूलयमा आफ्ना प्रयोगकर्तालाई उपलब्ध गराउँदै आएको छ। मुलुकभर थोक मात्रामा पनि यी सामानहरु सस्तोमा उपलब्ध गराउने रिचार्जरले जनाएको छ। थोक मात्रामा मास्क, स्यानिटाइजर, थर्मल गन लगायतका सामान आवश्यक परेमा रिचार्जरमा सम्पर्क गर्न सकिने छ। रिचार्जरको यो अफरमा बैंकका सेवाग्राहीले थप १० प्रतिशत छुट पाउने छन्। बैंकका अनुसार रिचार्जरबाट अर्डर भएको सामानको महसुल भुक्तान भए पछि १० प्रतिशत रकम खातावालाको बैंक खातामा फिर्ता गरिनेछ। ग्लोबल की टेक्नोलाजीका अध्यक्ष अलाइभ ग्लाइडरले आफ्नो जन्मोत्सवको अवसरमा सुरु गरिएको योजनामा एनआईसी एशिया बैंकको योजना पनि थपिए पछि झनै सस्तो मूल्यमा कोरोना सुरक्षाका सामान पाइने बताए। एपमा मास्कको मूल्य २ सय रुपैंया रहने भए पनि २५ क्यास प्वाइन्ट रिडिम गरी १७५ रुपैंयामा खरिद गर्न सकिनेछ। गूगल प्ले तथा एप स्टोरबाट रिचार्जर एप डाउनलोड गरेर खाता सञ्चालन गरे पछि १०० क्यास प्वान्ट उपलब्ध हुने छ। सोही क्यास प्वाइन्टको सहायताले नयाँ प्रयोगकर्ताले पनि १७५ रुपैंयामा मास्क खरिद गर्न सक्ने छ। 'यो मास्कको बजार मूल्य ३५० देखि ५५० रुपैंयासम्म सम्म छ, हामीले नाफा नोक्सान नहेरी हाम्रा प्रयोगकर्ताको सहजताका लागि सस्तोमा मास्क उपलब्ध गराएका हौं' ग्लाइडरले भने। टाढैबाट शरीरको तापकक्रम मापन गर्नका लागि प्रयोग हुने थर्मल गन अन्यत्रभन्दा सस्तोमा ३ हजार ८ सय रुपैंयामा उपलब्ध हुनेछ। बाहिरी बजारमा यो थर्मल गन ५ हजार रुपैंयाभन्दा माथिको मूलयमा बिक्री बितरण भैरहेको छ। मोबाइल, ल्यापटप, क्यामेरा लगायतका विद्युतीय उपकरण बिक्री बितरणमा इ हबका रुपमा परिचित रिचार्जर एपबाट सामान किन्दा विभिन्न वालेट सेवाप्रदायक, बैंक वित्तीय संस्थाका इन्टरनेट बैंकिङ, डेटि तथा क्रेडिट कार्डका साथै सामान डेलिभरीका बेला पनि रकम भुक्तानी गर्न सकिन्छ।

## तीन हजार बढी वेस्ट वर्करहरुलाई राहत वितरण



**काठमाडौं/मस**-नेपालमा कोकाकोलासँगै क्रियशनले वेस्ट वर्कर इमरजेन्सी रिलिफ प्रोजेक्ट (डब्लूडब्लूईआरपी) नामको संयुक्त पहलको घोषणा गरेको छ। कम्पनीको लक्ष्य जोखिममा रहेका वेस्ट वर्करहरु र उनीहरूका परिवारहरूलाई भाइरसको नकारात्मक असरबाट बचाउन सहयोग पुर्याउन जागरूकता, सुरक्षा सामग्रीहरू र राहत सामग्रीहरू प्रदान गर्ने हो। यो परियोजना कोकाकोलाको कोभिड–१९ बिरूद्ध लड्न रु ८ करोड सहयोग गर्ने प्रारम्भिक प्रतिबद्धताको एक हिस्सा हो ।

यस परियोजनाको पहिलो कार्यक्रम १५ मेई, २०२० मा काठमाडौंको बुढानिलकण्ठस्थीत वुमन फर ह्युमन राइटमा आयोजना गरिएको थियो जहाँ १५० वेस्ट वर्करहरुलाई सुरक्षा सम्बन्धी जागरूकतासँगै राहत सामग्री वितरण गरिएको थियो ।

हालसम्म ४ राहत कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन भइसकेका छन् जसले ४६० वेस्ट वर्करहरूलाई प्रत्यक्ष लाभान्वित गरेको छ। तिनीहरूलाई सुरक्षा र जागरूकता कार्यक्रम, खाद्यान्न राहत प्याकेज र महिला लाभार्थीहरूको लागि डिग्निटी किट प्रदान गरिएको थियो जसमा प्राथमिक आवश्यकता सुनिश्चित गर्न र उनीहरूको आजीविका सुरक्षाको लागि वातावरण मैत्री र पुनःप्रयोगयोग्य सेनिटरी प्याडको साथसाथै व्यक्तिगत स्वच्छता सामग्रीहरू जस्तै साबुन, डिटर्जेन्ट, पञ्जा र आवश्यक औषधिहरू प्रदान गरिएको थियो ।

यसबाहेक, मेई २५ तारिखको राहत कार्यक्रममा १०० जना अग्रपङ्तीमा रहेका वेस्ट वर्करहरुलाई रक्षात्मक जम्पसुटहरू र सुरक्षा सामग्रीहरू प्रदान गरिनेछ र यस कार्यक्रममा काठमाडौंका मेयर विद्या सुन्दर शाक्यको पनि उपस्थीति रहने छ ।

डब्लुडब्लूईआरपी प्रोजेक्ट वुमन फर ह्युमन राइट, डोको रीसाइक्लर, ब्लू वेस्ट टू भ्यालु, नेप्सेम्याक र हिमालयन क्लाइमेट इनिसियटिभ (एचसीआई) का संयुक्त सहयोग हो जसले परियोजनाको व्यापक पहुँचका लागि आफ्नो सञ्जालमा रहेका वेस्ट वर्करहरुको सूची प्रदान गरेका थिए। यो पहलको उद्देश्य संकटको वर्तमान अवस्थामा ३२०० वेस्ट वर्करहरु र उनीहरुका परिवारहरुसम्म पुग्दै उनीहरुका सुरक्षा र जीविकोपार्जन सुनिश्चित गर्ने हो जहाँ २५०० भन्दा बढि वेस्ट वर्करहरु प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् । उक्त परियोजना काठमाडौं, किर्तिपुर, ललितपुर, भक्तपुर, चितवन, लहान, सप्तरी र सिराहाका विभिन्न नगरपालिकाहरूमा सञ्चालन गरिनेछ ।

## घरलु लघुवित्तद्वारा आर्थिक सहयोग

काठमाडौं/मस- घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले कोरोना भाइरसको संक्रमण विरुद्ध लड्न स्थानीय निकायलाई आर्थिक सहयोग गरेको छ। कोरोना भाइरस देखापरेका मानिसको उपचारमा र लकडाउनमा परेर दैनिक ज्यालादारी गर्ने मजदुरलाई राहत वितरणमा सहयोग हुने उदेश्यले सहयोग गरिएको हो। घरेलु लघुवित्तको शाखा कार्यालयहरु फेटा, बारा र बट्टार, नुवाकोटका शाखा प्रबन्धकहरु क्रमश: श्यामबाबु यादवले फेटा गाउँपालिकाको प्रशासकिय अधिकृत प्राण मेहत्ता र अध्यक्ष अमिरिलाल प्रसादलाई र मिनकुमार दाहालले विदुर नगरपालिकाको मेयर सञ्जु पण्डितलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कोरोना भाइरस रोकथाम नियन्त्रण तथा उपचार कोषमा प्रतिशाखा १० हजारका दरले जम्मा २० हजार रुपैयाँको आर्थिक सहयोगको चेक हस्तान्तरण गरेका हुन् ।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**